स्थानीय शासन सबलीकरण कार्यक्रम अन्तर्गत

साझेदार नगरपालिकाहरुमा

# सीमान्तकृत समुदायका लागि प्रशिक्षार्थी अवसर कार्यक्रम व्यवस्थापन कार्यविधि

(साझेदार नगरपालिकाहरुसँग बैशाख २० गते सम्पन्न परामर्शबाट प्राप्त सुझावसमेतका आधारमा परिमार्जित)

## अष्ट्रेलियन सरकार, बैदेशिक मामिला तथा व्यापार विभाग र दि एशिया फाउण्डेसन साझेदारीको

## स्थानीय शासन सबलीकरण कार्यक्रम

(ब्रिजिङ्ग फेज २०७८)

## (DFAT-TAF Partnership on Sub-National Governance Program)

**(Bridging Phase2021/22)**

**१. पृष्ठभूमिः**

अष्ट्रेलियन सरकार, बैदेशिक मामिला तथा व्यापार विभाग र दि एशिया फाउण्डेसनको साझेदारीमा सञ्चालित स्थानीय शासन सबलीकरण कार्यक्रमको पहिलो चरण सफलता पूर्वक सम्पन्न भएसँगै अप्रिल २०२१ देखी एक बर्षको अवधि थप भएको छ । यस अवधिमा कार्यक्रमबाट पहिलो चरणमा थालनी भएका स्थानीय शासन सबलीकरणका कार्यहरु निरन्तर गर्दै कोभिड १९ बाट सिर्जित थप चुनौतिको सम्वोधन गर्न अवसर प्राप्त हुने विश्वास लिइएको छ । यस कार्यक्रमको मूलभुत उद्देश्य कोभिड १९ बाट सिर्जित असरलाई सम्बोधन गर्न स्थानीय स्वास्थ्य प्रणाली र आर्थिक पुनरुत्थान प्रक्रियामा सुधारकालागि सहजीकरण गर्नुका साथै नेपालमा सवल, प्रभावकारी र समावेशी स्थानीय शासन सुदृढीकरण गर्न योगदान पुऱ्याउनु रहेको छ ।

कार्यक्रमको महत्वपूर्ण एक उद्देश्यकको रुपमा लैंगिक समानता, समाजिक समावेशीकरण र अपांगता भएका व्यक्ति लगायत अति विपन्न र सीमान्तकृत समुदायको बृहत्तर हितमा योगदान पुऱ्याउने रहेको छ । उल्लिखित उद्देश्य हासिल गर्न साझेदार नगरपालिकाहरुसँगको समन्वयमा तत् तत् नगरपालिकामा ***स्थानीय शासन सबलीकरण एवम् सीमान्तकृत समुदायका लागि प्रशिक्षार्थी अवसर कार्यक्रम*** सञ्चालन गर्ने उद्देश्य लिइएको छ । यस प्रशिक्षार्थी अवसर कार्यक्रमबाट साझेदार नगरपालिकाका काममा संलग्न भई सिक्ने र नगरपालिकाको आवश्यकता र प्राथमिकताका क्षेत्रमा आवश्यक सहयोग गर्ने अवसर प्राप्त हुने विश्वास कार्यक्रमले लिएको छ । यस कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विस्तृत विवरण देहाय बमोजिम हुनेछ,

**२. कार्यक्रमको नामः**

स्थानीय शासन सबलीकरण एवम् सीमान्तकृत समुदायका लागि प्रशिक्षार्थी अवसर कार्यक्रम

**३. प्रशिक्षार्थी आवद्ध हुने स्थानीय तह :**

दमक-झापा, भिमेश्वर-दोलखा, वालिङ्ग-स्यांजा, तानसेन-पाल्पा, बिरेन्द्रनगर-सुर्खेत र टिकापुर-कैलाली । आवेदन आव्हान गर्दा कुन नगरपालिकाका लागि आवेदन गरेको हो स्पष्ट खुलाई पठाउन आग्रह गरिनेछ ।

**४. आवश्यक प्रशिक्षार्थी संख्या :**

प्रत्येक नगरपालिकाका लागि एक एक जना ।

**५. सीमान्तकृत समुदायका व्यक्तिको आवेदन मात्र ग्राह्य हुनेः** दि एशिया फाउण्डेसन सामाजिक समावेशीकरण तथा लैङ्गिक समानताप्रति प्रतिबद्ध रहेको छ । यस प्रशिक्षार्थी अवसर कार्यक्रममा साझेदार नगरपालिका र सम्बन्धित जिल्लाभित्रका अपाङ्गता भएका व्यक्ति (महिला तथा पुरुष) र अति विपन्न तथा सीमान्तकृत समुदाय र दलित समुदायका महिलाहरुबाट प्राप्त आवेदन मात्र ग्राह्य हुनेछ ।

**६. प्रशिक्षार्थीको कार्यस्थान :**

प्रशिक्षार्थीले न्यूनतम ८० प्रतिशत समय सम्बन्धित नगरपालिकामा रही कार्य गर्नुपर्नेछ । सम्बन्धित नगरपालिकाले (फिल्ड संयोजक तथा नगरपालिकाका सम्पर्क अधिकृतबीचको समन्वयमा नगरप्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतसँग परामर्श गरी) प्रशिक्षार्थीलाई वडा, समुदाय तथा टोल तहका कार्यक्रममा खटाउन सक्नेछ । फाउण्डेसनले आवश्यकता अनुसार नगरपालिका क्षेत्र बाहिर सञ्चालन हुने तालिम, अनुशिक्षण तथा सिकाई आदान प्रदान कार्यमा लगाउन सक्नेछ ।

**७. प्रशिक्षार्थीलाई प्राप्त हुने सेवा सुविधाः**

प्रशिक्षार्थीलाई दि एशिया फाउण्डेसनको नियमानुसार प्रशिक्षण अवधिभरको तोकिएको न्यूनतम सेवा सुविधा उपलब्ध हुनेछ ।

**८. प्रशिक्षार्थी कायम रहने अवधिः**

प्रशिक्षार्थी कायम रहने अवधि नियुक्ती भएको मितिदेखी २०७८ साल फागुन महिनासम्म हुनेछ ।

**९. प्रशिक्षार्थी कार्यक्रमको उद्देश्य तथा कार्यक्रमबाट स्थानीय शासन सवलीकरणमा पुग्ने अपेक्षित योगदान :**

साझेदार नगरपालिकासँगको समन्वयमा नगरक्षेत्रभित्रका अति विपन्न समुदायका इच्छुक र योग्यतम उमेदवारलाई स्थानीय शासन अभ्यास प्रक्रियामा संलग्न गराई आवश्यक ज्ञान र सीप हासिल गर्ने अवसर प्रदान गर्ने कार्यक्रमको मुख्य उद्देश्य हुनेछ । कार्यक्रमको बिशिष्ठ उद्देश्य देहाय बमोजिम रहेको छ,

- अति विपन्न समुदायका व्यक्तिहरुलाई स्थानीय शासन अभ्यासका सिद्धान्त तथा अभ्यासहरुसँग साक्षात्कार हुने अवसर प्राप्त हुने,
- लक्षित समुदायका लागि क्षमता विकास तालिम, अभिमुखिकरण तथा सिकाइका अवसरहरु प्राप्त भई स्थानीय शासन र विकासका बिषयमा लक्षित समूहको ज्ञान र सीपको अभिबृद्धि हुने,
- स्थानीय विशिष्ठता र विविधतायुक्त सामाजिक संरचना अनुकुलको सामाजिक समावेशीकरणतर्फ अग्रसर हुन नयाँ पुस्तालाई नेतृत्व विकास र पेशागत व्यवशायिकतातर्फ प्रतिष्पर्धी तुल्याउने,

यस कार्यक्रमबाट स्थानीय शासनको सबलीकरणमा देहायको योगदान पुग्ने अपेक्षा गरिएको छ,

- स्थानीय शासनमा समावेशीता, अर्थपूर्ण सहभागिता, पारदर्शिता, जवाफदेहिता अभिवृद्धि लगायतका सामाजिक समावेशीकरणको संवैधानिक मर्म कार्यान्वयनमा योगदान पुग्ने,
- नगर शासनमा समावेशीताको नीति, कानुन, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न योगदान पुग्ने,
- नगरपालिकाको शासन प्रक्रियामा सामाजिक, आर्थिक र सांस्कृतिक रुपमा पछि परेका सिमान्तकृत समुदाय मूलतः महिला, अपाँगात भएका व्यक्ति, जातजाति, जनजातिका सहभागिता प्रबर्द्धन हुने,
- नगरपालिकाबाट हुने सार्वजनिक सेवा प्रवाहमा अति विपन्न समुदायको अपनत्व र सन्तुष्टीमा अभिबृद्धि हुने ।

**१०. प्रशिक्षार्थी कार्यक्रम सञ्चालनमा नगरपालिकाको भूमिका :**

**प्रशिक्षार्थीको छनोट तथा परिचालनमा सहजीकरण :**

- प्रशिक्षार्थी छनोट समितिमा नगरपालिकाबाट एक जना अधिकृत कर्मचारी तोकिदिने,
- प्रशिक्षार्थी नियुक्त भई नगरपालिकामा खटिएपछि निजको दैनिक सुपरीवेक्षण तथा सम्पर्कका लागि एक जना सम्पर्क अधिकृत तोकिदिने,
- प्रशिक्षार्थीको उचित सिकाई तथा कार्य वातावरणका लागि नगरपालिकामा कार्यकक्षको व्यवस्था गरिदिने,

**प्रशिक्षार्थीलाई अध्ययन तथा नगरपालिकाका काममा परिचालन :**

साझेदार नगरपालिकाले प्रशिक्षार्थीलाई नगरपालिकाको आवश्यकता र प्राथमिकताका बिषय क्षेत्रमा तथा प्रशिक्षार्थीको पेशागत लगाव र सिकाईको चाहना बमोजिम मूलतः देहाय बमोजिमका कार्यक्षेत्रमा खटाउन सक्नेछ,

- सामाजिक समावेशीकरण, सामाजिक परिचालन, समग्र सामाजिक तथा आर्थिक विकासका विविध आयामहरुको सञ्चालन तथा व्यवस्थापनमा,
- नगरपालिकाको महिला, बालबालिका, पिछडिएका वर्ग, क्षेत्र र समुदाय लक्षित बार्षिक योजना तथा बजेट तर्जुमा तथा कार्यान्वयन प्रक्रियाको सहजीकरणमा,
- वडा, टोल विकास संस्था तथा उपभोक्ता समुहसँगको समन्वय र सहजीकरणमा ।

**प्रशिक्षार्थीका लागि सिकाईका अन्य अवसरहरु प्रदान :**

- नगरपालिका समय समयमा आयोजना गर्ने तालिम, अभिमुखिकरण कार्यक्रममा सहभागी गराउने, कार्यक्रमको संक्षिप्त प्रतिवेदन, सिकाईहरु अभिलेखीकरण गरी प्रतिवेदन गर्न लगाउने,
- नगरपालिकाबाट सञ्चालित कार्यक्रमका लागि आवश्यक सूचना तथा तथ्यांकको संकलन विश्लेषण गरी प्रतिवेदन गर्न लगाउने,
- नगरपालिकाबाट समय समयमा आयोजना हुने प्रशिक्षार्थीहरुको संयुक्त बैठकमा आफ्नो सिकाई र अनुभव, स्थानीय शासनका सबल र कमजोर पक्षहरुको बारेमा विचार आदान प्रदान गर्न लगाउने ।

**प्रशिक्षार्थी कार्यक्रमबाट सिकाई भएका उत्तम अभ्यासहरुको संस्थागत विकास :**

- कार्यक्रमको अनुभवबाट भविष्यमा नागरपालिकामा प्रशिक्षार्थीको अवसर र परिचालन तथा सोको दिगोपना सम्बन्धी सम्बन्धमा आवश्यक निर्णय लिने,
- प्रशिक्षार्थीलाई नगरपालिकाका महत्वपूर्ण प्रक्रियामा सामेल गराई सिक्ने अवसर प्रदान गर्ने, जस्तै, नगर कार्यपालिकाको बैठक र नगरसभाको निर्णय प्रक्रिया अवलोकन तथा स्वयंसेवकको रुपमा परिचालनको स्वीकृति दिने ।

## ११. प्रशिक्षार्थी कार्यक्रम सञ्चालनमा दि एशीया फाउण्डेसनको भूमिका

- साझेदार नगरपालिकालाई प्रतिष्पर्धात्मक आधारमा योग्यतम प्रशिक्षार्थी छनोट गर्न सहजीकरण गर्ने,
- एक बर्षका लागि प्रशिक्षार्थीलाई न्यूनतम सेवा सुविधा (पारिश्रमिक) उपलब्ध गराउने,
- प्रशिक्षार्थीको ज्ञान तथा सीप अभिबृद्धिका लागि आवश्यक अभिमुखिकरण, तालिम, सिकाई आदान प्रदानको लागि अवसर प्रदान गर्ने,

- छनोट भएका प्रशिक्षार्थीका लागि समय समयमा सघन अभिमुखीकरण, तालिम र ज्ञान सीप अभिबृद्धि सम्बन्धी कार्यक्रम (आवश्यकता र उपयुक्तताका आधारमा भर्चुअल तथा भौतिक रुपमा) सञ्चालन गर्ने ।[१]

- नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुमार्फत प्रशिक्षार्थीलाई स्थानीय शासन सञ्चालनको अनुभवमा आधारित तालिम तथा अभिमुखिकरण गर्न गराउन समन्वय र सहजीकरण गर्ने ।

## १२. प्रशिक्षार्थी कार्यक्रम सञ्चालनमा फाउण्डेनका फिल्ड संयोजकको भूमिका

- *प्रशिक्षार्थीलाई प्रदान गर्ने अनुशिक्षण कार्यक्रमको समन्वय गर्ने:* प्रशिक्षार्थीको रुची र चाहना पहिचान गरी सो बमोजिमका बिषयमा फाउण्डेसनबाट उपलब्ध गराउनुपर्ने अनुशिक्षण, अनुशिक्षण कार्ययोजना तर्जुमा तथा कार्यान्वयनका बिषयमा नगरपालिका पदाधिकारी तथा फाउण्डेसनका सम्बन्धित कार्यक्रम व्यवस्थापकहरु (कार्यक्रम अधिकृत, बरिष्ठ कार्यक्रम अधिकृत, कार्यक्रम उपनिर्देशक, बरिष्ठ शासन सल्लाहकार, कार्यक्रम तथा शासन निर्देशक) सँग समन्वय गर्ने,

- फाउण्डेसनको तर्फबाट आवश्यक अभिमुखिकरण, सहजीकरण र समन्वय गर्ने, प्रशिक्षार्थी उपस्थित हुने कार्यक्रम र उनीहरुको भूमिकाबारे अनुशिक्षण गर्ने, आवश्यकता बमोजिम आफूपनि त्यस्ता कार्यक्रममा सहभागी भई उत्प्रेरित गर्ने,

- नगरपालिकाको आवश्यकता र प्राथमिकता बमोजिम प्रशिक्षार्थीको खटनपटन तथा परिचालन योजना बनाउने,

- प्रशिक्षार्थीको रुची बमोजिम नगरपालिकाको आवश्यकता र प्राथमिकताका सेवाक्षेत्र पहिचान गरी प्रशिक्षार्थीको परिचालन गर्न आवश्यक सहजीकरण र समन्वय गर्ने,

- प्रशिक्षार्थीलाई फाउण्डेसनको कार्यक्रम व्यवस्थापन समूह तथा कार्यक्रम अधिकृतहरुबाट तोकिएको कार्यसम्पादन तथा सञ्चालन हुने अनुशिक्षण एवं सिकाई कार्यमा सक्रियतापूर्वक सहभागी गराउन सहयोग र सहजीकरण गर्ने ।

## १३. प्रशिक्षार्थीका लागि सिकाई तथा क्षमता विकासका मुख्य मुख्य क्षेत्रहरु :

- प्रशिक्षार्थीलाई तालिम तथा अभिमुखिकरण गर्दा मूलतः देहायका विकास प्रशासन र स्थानीय शासनका विविध आयाम र समसामयिक बिषयहरुसँग सम्बन्धित मूलभूत बिषयहरु समावेश गरिनेछ, जस्तै,
    - संघीयता र विकेन्द्रिकृत शासन व्यवस्थाको महत्व,
    - स्थानीय तहको संवैधानिक तथा कानुनी अधिकारक्षेत्र, शासन सञ्चालनका विद्यमान कानुनी तथा नीतिगत व्यवस्था,
    - अन्तर सरकार सम्वन्ध, समन्वय, जवाफदेहिता तथा प्रतिवेदनका विविध आयामहरु,

[१] फाउण्डेसनबाट प्रशिक्षार्थीलाई अनुशिक्षण प्रदान गर्न वाह्य विज्ञ, तालिम प्रदायक प्रशिक्षकका अतिरिक्त साझेदार नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा नगरपालिकाका बिषयगत शाखा प्रमुखहरुसँग आवश्यक समन्वय, सहयोग र सहजीकरण गरिनेछ ।

- ○ स्थानीय तहको सूचना तथा तथ्यांक व्यवस्थापन प्रणाली, सहभागितामूलक योजना तथा बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन प्रक्रिया,
- ○ स्थानीय तहको निर्णय, कानुन तथा नीति निर्माण प्रक्रिया,
- ○ स्थानीय तहमा सामाजिक समावेशीकरण तथा सामाजिक परिचालन,
- ○ स्थानीय तहको न्यायिक अधिकारक्षेत्र र सोको सम्पादन तथा विवाद समाधानका वैकल्पिक उपायहरु,
- ○ नेतृत्व विकास, कार्यक्रम व्यवस्थापन, परियोजना प्रस्ताव लेखन, प्रतिवेदन लेखनजस्ता बिषयहरु, आदि ।[२]

## १४. प्रशिक्षार्थीको छनोट प्रक्रियाः

फाउण्डेसनका फिल्ड संयोजकको सहजीकरणमा साझेदार नगरपालिकासँगको परामर्श, समन्वय र सिफारिशका आधारमा फाउण्डेसनको जनशक्ति व्यवस्थापन इकाइबाट प्रशिक्षार्थीको छनोट गरिनेछ । प्रशिक्षार्थी छनोटसम्बन्धी विस्तृत प्रक्रिया देहाय बमोजिम हुनेछ,

- **दरखास्त आव्हानको लागि सूचना प्रकाशन तथा सोको प्रसारः** दि एशिया फाउण्डेसनले आफ्नो वेवसाइटमार्फत आवेदन पेश गर्ने समय र इमेल ठेगाना दिई प्रशिक्षार्थी आवश्यकताको सूचना प्रकाशन गर्नेछ । सो सूचना साझेदार नगरपालिकामार्फत नगरपालिकाको वेवसाइट, सूचनापाटी, वडा कार्यालय स्थानीय सञ्चारमाध्यम, लक्षित समुदायका स्थानीय संघसंस्था र जनप्रतिनिधिहरु र सोसल मिडियामार्फत प्रचार प्रसार गरिनेछ ।
- **प्रशिक्षार्थी छनोट समिति रहनेः** प्रशिक्षार्थी छनोटका लागि नगरपालिकाका पदाधिकारीसँगको परामर्श बमोजिम नगरपालिकाले तोकेको एक जना अधिकृत प्रतिनिधि र एशिया फाउण्डेसनका फिल्ड संयोजक रहेको एक प्रशिक्षार्थी छनोट समिति रहनेछ ।
- **प्राप्त निवेदन छनोट समितिमा पठाइने :** फाउण्डेसनले तोकिएको समयभित्र प्राप्त आवेदनहरु प्रारम्भिक परीक्षण तथा मूल्यांकनका लागि प्रशिक्षार्थी छनोट समितिलाई पठाउनेछ ।
- **छनोट समितिले प्राप्त आवेदनको प्रारम्भिक परीक्षण गरी अन्तर्वार्तामा बोलाउने :** छनोट समितिले प्राप्त आवेदनहरु रितपूर्बक छन छैनन हेरी रितपूर्वकका आवेदकहरुको सूची तयार गरी अन्तर्वार्ताको कार्यतालिका बनाई तत् बमोजिम अन्तर्वार्ताका लागि बोलाउनुपर्नेछ । रितपूर्बकका आवेदन छन छैनन भनी परीक्षण गर्दा तोकिएको योग्यता पुगे नपुगेको, तोकिए बमोजिमका कागजपत्र संलग्न भए नभएको, लक्षित वर्ग तथा समुदायबाट प्राप्त भए नभएको एकीन गर्नुपर्नेछ ।
- **छनोट समितिले अन्तर्वार्ता सञ्चालन गरी योग्यत्तम प्रशिक्षार्थीको सूची तयार गर्नेः** प्रशिक्षार्थी छनोट समितिले रितपूर्बक प्राप्त आवेदकहरुको अन्तर्वार्ता लिई योग्यताक्रम अनुसार ३ (तीन) जना प्रशिक्षार्थीको सूची तयार गर्नुपर्नेछ । आवेदकको अन्तवार्ता लिँदा कोभिड १९ को प्रभाव समेतलाई मनन गरी भर्चुअल वा फोनबाट समेत लिन सकिनेछ । अन्तर्वार्ता सञ्चालन गर्दा योग्यता पुगेको, लक्षित समुदाय भएको,

---

[२] प्राप्त अनुशिक्षण तथा कार्य अनुभवबाट प्रशिक्षार्थीहरुलाई आफ्नो पेशागत रुचीका क्षेत्रमा दिशा निर्देश हुने र प्रतिष्पर्धी बनाउन मद्दत पुग्नेछ । कार्यक्रमका दौरान तथा अनुशिक्षण अवधिमा प्रशिक्षार्थीले सिकाइको रुचिको बिषय छनौटका साथै उनीहरुले नगरपालिकाकाममा सहयोग र सहजीकरण गर्न सक्ने बिषयक्षेत्र पहिचान गर्न सफल हुनेछन ।

प्रशिक्षार्थी कार्यक्रममा उम्मेदवारको रुची र तत्परता, प्रशिक्षार्थीको भूमिका र जिम्मेवारीको बुझाईलाई मूल्यांकनको मापदण्ड बनाइनेछ ।

- **छनोट भएका योग्यतम उम्मेदवारको जानकारी नगरप्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई गराउने :** छनोट समितिले अन्तर्वाता प्रक्रियामार्फत योग्यतम देखिएका उम्मेदवारहरुको सूची नगरप्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराउनुपर्नेछ । सो सम्बन्धमा उहाँहरुको कुनै राय, सुझाव र प्रतिक्रिया भए सो समेत उल्लेख गरी मूल्यांकन फाराममा संलग्न राख्नुपर्नेछ ।

- **छनोट भएका तीन जना प्रशिक्षार्थीको योग्यताक्रम अनुसारको सूची पठाउने:** छनोट समितिले तोकिएको मापदण्ड बमोजिम उम्मेदवारको पहिलो, दोश्रो र तेश्रो योग्यताक्रम निर्धारण गरी ३ (तीन) जना योग्यतम प्रशिक्षार्थीको अन्तिम सूची आवश्यक विवरण सहित फाउण्डेसनको जनशक्ति इकाइमा सिफारिश गरी पठाउनुपर्नेछ ।

- **फाउण्डेसनबाट नियुक्ती गरी पठाउने :** छनोट समितिको सिफारिश बमोजिम प्राप्त योग्यतम प्रशिक्षार्थीहरुमध्येबाट फाउण्डेसनले एक जना छनोट गरी सोको जानकारी साझेदार नगरपालिकालाई पठाइनेछ । फाउण्डेसनको जनशक्ति इकाईबाट आवश्यकता अनुसार सिफारिश प्राप्त आवेदकहरुसँग भर्चुअल, फोन अन्तवार्ता लिन सकिनेछ ।

**१५. प्रशिक्षार्थीको न्यूनतम योग्यता:**

**शैक्षिक योग्यता:** स्नातक उतिर्ण भएको वा स्नातक अन्तिम बर्षको परीक्षा दिई परिक्षा नतिजा प्रकाशित नभएका व्यक्तिले प्रशिक्षार्थीको लागि आवेदन दिन सक्नेछन ।

**कार्य अनुभव नचाहिने:** आवेदन दिनका लागि प्रशिक्षार्थी वा कुनै काम गरेको अनुभव चाहिनेछैन ।

**शुल्क नलाग्ने:** आवेदन दिँदा कुनै शूल्क लाग्नेछैन ।

**१६. आवेदन इमेलमार्फत पठाउनुपर्ने र आवेदनसँगै पेश गर्नुपर्ने कागजपत्र:**

***आवेदन पठाउने इमेल ठेगाना:*** nepal.fellowship@asiafoundation.org

**संलग्न गरी पठाउनुपर्ने कागजपत्र:** आवेदकले प्रशिक्षार्थीको लागि आवेदन गर्दा देहायका कागजपत्र संलग्न गरी पेश गर्नुपर्नेछ,

क. ***निवेदन:*** प्रशिक्षार्थीको अवसर प्राप्त गर्न किन आफू उपयुक्त छु ? प्रशिक्षार्थी कार्यक्रमबाट के अपेक्षा गरेको छु भन्ने बिषय समेत समेटीएको निवेदनपत्र (सम्भव भए आवेदकको वायोडाटा समेत संलग्न राखेको)

ख. ***शैक्षिक प्रमाणपत्र:*** स्नातक उतिर्ण भएको शैक्षिक प्रमाणपत्र वा स्नातक तहको परीक्षामा संलग्न भएको खुल्ने प्रमाणपत्र

ग. नागरिकता प्रमाणपत्रको प्रतिलिपी

घ. अपाँगता भएका व्यक्तिको हकमा सोको प्रमाणपत्र,

**१७. *आवेदन अवधि :*** प्रशिक्षार्थीको लागि आवेदन दिने अवधि *फाउण्डेसनबाट सूचना गरे बमोजिम हुनेछ ।*